नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Brussels, Belgium

# प्रेस विज्ञप्ति

गत मार्च २२, २०१६ का दिन बेल्जियमको राजधानी ब्रसेल्सस्थित जेभेन्टम अन्तर्राष्ट्रिय विमानस्थल तथा युरोपियन यूनियनको मुख्यालय नजिकको मोलविक मेट्रो स्टेशनमा आतंककारी बम विस्फोटन भएपश्चात उक्त घटनाहरुबाट नेपाली नागरिक प्रभावित भए/नभएको सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक समन्वय समेतका लागि बेल्जियम सरकारका सम्बन्धित निकायहरु, गैर आवासीय नेपाली संघ, बेल्जियम तथा अन्य नेपाली संघ संस्थाहरुसँग यस दूतावास निरन्तर सम्पर्कमा रहेको छ।

यसै सन्दर्भमा, दूतावासलाई प्राप्त पछिल्लो जानकारी अनुसार ती घटनाहरुमा ज्यान गुमाउने सम्पूर्ण व्यक्तिहरुको हालसम्म पहिचान भई नसकेको तथा घटनाहरुमा परी घाइते भएकाहरुको हालसम्मको सूचिमा कुनै पनी नेपाली नागरिकको नाम समावेश नभएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

बम बिस्फोटनका समयमा घटनास्थलमा रहेका केही नेपाली नागरिकहरुलाई सुरक्षित स्थलमा पुर्याइएको र त्यहाँबाट निजहरु आ-आफ्नो गन्तव्यस्थलतर्फ लागी सकेको भन्ने व्यहोरा बेल्जियमको परराष्ट्र मन्त्रालयबाट प्राप्त हुन आएको छ।

पुनश्च: उक्त घटनाहरुमा कुनै नेपाली नागरिक प्रभावित भएको थप जानकारी प्राप्त भएमा वा घटनाबाट प्रभावित कुनै नेपाली नागरिकको लागि सहयोगको आवश्यकता परेमा यथाशिघ्र यस दूतावासमा सम्पर्क गर्नुहुन समेत सम्पूर्ण नेपाली संघ संस्थाहरु, नेपाली दिदीवहिनी, दाजुभाईहरु तथा सम्बन्धित सबैमा अनुरोध छ।

नेपाली राजदूतावास, ब्रसेल्स
मिति: २५ मार्च, २०१६

नेपाली राजदूतावास
ब्रसेल्स